प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश नं. १
विराटनगर, नेपाल

ईमेल: province1.ptco@gmail.com
फोन नं.: ०२१-४६३३४०

प.सं. २०७६/०७७
च.नं ८६४

मिति २०७७/०१/०३

**विषय : बजेट रोक्का सम्बन्धमा ।**

**श्री प्रदेश लेखा इकाइ कार्यालयहरु सबै**
प्रदेश नं. १ ।

प्रस्तुत विषयमा प्रदेश सरकार प्रदेश नं. १ आर्थिक मामिला तथा योजना मन्त्रालयको च.न. ६३० मिति २०७६।१२।३० को बजेट रोक्का सम्बन्धी पत्र कार्यान्वयनको लागि यसै साथ संलग्न राखि पठाइएको छ । बजेट निकासा गर्दा उक्त पत्रमा उल्लेख भए बमोजिम २०७६ चैत्र ३० गतेसम्म दायित्व सिर्जना भइसकेको र बोलपत्र आह्वान भइसकेको विषय यकीन गर्ने प्रमाण (दायित्व सिर्जना भएको मिति उल्लेख गरेको) आर्थिक कारोवार गर्ने दुवै अधिकारीको दस्तखत सहितको पत्र लिई निकासा दिनुहुन अनुरोध छ ।

२०७७/१/२

.................................
(डम्बर बहादुर कार्की)
प्रदेश लेखा नियन्त्रक

**वोधार्थ**

श्री आर्थिक मामिला तथा योजना मन्त्रालयः- तहाँको च.न. ६३० मिति २०७६।१२।३० को पत्रको सन्दर्भमा ।

श्री प्रशासन शाखा, प्रदेश लेखा नियन्त्रक कार्यालय ।

श्री आन्तरिक लेखा परिक्षण शाखा, प्रदेश लेखा नियन्त्रक कार्यालय ।

श्री बजेट कार्यान्वयन तथा कोष प्रशासन शाखा, प्रदेश लेखा नियन्त्रक कार्यालय ।

श्री सूचना प्रविधि तथा तथ्यांक शाखा, प्रदेश लेखा नियन्त्रक कार्यालय ।

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय

फोन नं. ०२१-५३२५०६, ०२१-५३४३३१, ०२१-५३५७८५, ०२१-५३११४०, ०२१-५३३६७६, ०२१-५३४१६८

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नम्बर १ बिराटनगर, नेपाल

प्रदेश नं. १
बिराटनगर, नेपाल

प.सं. २०७६/०७७
च.नं. ६२०

मितिः २०७६/१२/३०

विषयः बजेट रोक्का सम्बन्धमा ।

प्रिय सहकारीज्यू,

विश्वव्यापी महामारीको रूपमा कोरोना (COVID-19) भाइरस फैलिरहेको र नेपाल समेत प्रभावित भएको हुँदा यसको रोकथाम, नियन्त्रण गर्ने क्रममा तथा लकडाउनको समयमा प्रदेश भित्र हुन सक्ने दैनिक उपभोग्य वस्तुहरुको अभावमा जनतालाई अत्यावश्यक सेवा उपलब्ध गराउन, संक्रमितलाई क्वारेन्टाइनमा राखे र विरामीलाई औषधि, उपचारको व्यवस्था गर्न तथा तत्काल आईपर्ने समस्याहरुलाई हल गर्नका लागि ठूलो रकमको आवश्यकता पर्ने हुँदा प्रदेश सरकारले समयमै आर्थिक स्रोतको व्यवस्थापन गर्नु पर्ने देखिन्छ । यसका लागि प्रदेश विनियोजन ऐन,२०७६ बमोजिम चालु आर्थिक वर्षमा विनियोजित भएका बजेटलाई कोरोना भाइरस नियन्त्रण लगायतका प्राथमिकता प्राप्त अन्य क्षेत्रमा समेत उपयोग गरी स्रोत व्यवस्थापन गर्नु पर्ने भएको छ ।

यस सन्दर्भमा तहाँ मन्त्रालय/निकाय/मातहतका निर्देशनालय र कार्यालय लगायतको चालु आ.व.२०७६/७७ को स्वीकृत बजेटको देहायका खर्च उपशीर्षकमा विनियोजित बजेट मध्ये २०७६ चैत्र ३० सम्म दायित्व सिर्जना भइसकेको र बोलपत्र आह्वान भइसकेको बाहेक बाँकी रहेको बजेट प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(१) बमोजिम तत्काल लागू हुने गरी मिति २०७६/१२/३० को निर्णयानुसार तपसिल बमोजिम रोक्का गरिएको हुँदा सो बमोजिम गर्ने गराउने व्यवस्थाको लागि सादर अनुरोध गर्दछु ।

बजेट रोक्का राखिने खर्च उपशीर्षकहरु

| | |
|---|---|
| २२४११ | सेवा र परामर्श खर्च |
| २२५११ | कर्मचारी तालिम खर्च |
| २२५१२ | सीप विकास तथा जनचेतना, तालिम तथा गोष्ठी सम्बन्धी खर्च (अस्पताल तथा स्वास्थ्य कार्यालयको अति आवश्यक बाहेकको) |
| २२५२२ | कार्यक्रम खर्च (अस्पताल सुदृढीकरण, स्वास्थ्य सेवा तथा अति आवश्यक बाहेकको) |
| २२५२९ | विविध कार्यक्रम खर्च |
| २२६११ | अनुगमन मूल्याङ्कन खर्च (अति आवश्यक बाहेकको) |
| २२७११ | विविध खर्च (अति आवश्यक बाहेकको) |
| ३११२१ | सवारी साधन |

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय

फोन नं. ०२१-५३२५०६, ०२१-५३४३३१, ०२१-५३५७८५, ०२१-५३११४०, ०२१-५३३६७६, ०२१-५३४१६८

प्रदेश नं. १
बिराटनगर, नेपाल

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नम्बर १ विराटनगर, नेपाल

प.सं. २०७६/०७७
च.नं. ६३०

मिति: २०७६।१२।३०

| | |
|---|---|
| ३११२२ | मेशिनरी तथा औजार |
| ३११२३ | फर्निचर तथा फिक्चर्स |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एवम् अन्य वौद्धिक सम्पत्ति प्राप्ति खर्च |
| ३१४११ | जग्गा प्राप्ति खर्च |

द्रष्टव्यः "अति आवश्यक" भन्नाले कोरोना (COVID-19) भाइरस रोकथाम तथा नियन्त्रण, स्वास्थ्य सेवा तथा सो सँग सम्बन्धित क्रियाकलापमा गरिने खर्च सम्झनुपर्छ ।

श्री सचिवज्यू,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर ।
श्री प्रदेश सभा सचिवालय, प्रदेश नं.१, विराटनगर ।
श्री प्रदेश लोक सेवा आयोग, प्रदेश नं.१, विराटनगर ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री प्रदेश योजना आयोग, प्रदेश नं.१, विराटनगर ।
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं.१, विराटनगर ।

..............................
(दामोदर रेग्मी)
सचिव

वोधार्थः
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१ विराटनगर।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, सबै महाशाखाहरू।